प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १ विराटनगर

## करारमा सेवा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७५।११।०६

यस मन्त्रालयको आ.व. २०७५।७६ को स्वीकृत कार्यक्रम "विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम" अन्तर्गत देहाय बमोजिमका विद्यालयमा रहने गरी विद्यालय नर्स को रुपमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दिनको २:०० बजे सम्मयस मन्त्रालयको कार्यालय कोड नं. ७०१३७१३०१, राजस्व शिर्षक नं. १४२२४ (परिक्षा शुल्क) कृषि विकास बैंकको खाता नं ०१००२०१२७७००१०१६मा रु.४०० जम्मा गरिसकल रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा मन्त्रालयको वेवसाइट (www.mosd.p1.gov.np) बाट उपलब्ध हुनेछ

| सि.नं | विद्यालयको नाम | जिल्ला | ठेगाना | संख्या | सि.नं | विद्यालयको नाम | जिल्ला | ठेगाना | संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री थेचम्बु माध्यमिकविद्यालय | ताप्लेजुङ | पाथीभारा याङ्वरक गा.पा. | १ | ८ | श्री राष्ट्रिय माध्यमिकविद्यालय | खोटाङ | कोपिलासगडी ३ | १ |
| २ | श्री गणेशमाध्यमिकविद्यालय | पाँचथर | चित्तोक,याङ्वरक ६ | १ | ९ | श्री जनजागृतिमाध्यमिकविद्यालय | सोलुखुम्बु | सोलुदुधकुण्ड,सल्लेरी | १ |
| ३ | श्री आदर्श माध्यमिकविद्यालय | इलाम | इलामनगरपालिका | १ | १० | श्री ज्ञानज्योतीमाध्यमिकविद्यालय | ओखलढुङ्गा | कुवापानी ,लिखु २ | १ |
| ४ | श्रीसरस्वतिमाध्यमिकविद्यालय | संखुवासभा | चैनपुर,हिटिडाँडा | १ | ११ | श्री बालमन्दिर माध्यमिकविद्यालय | उदयपुर | त्रीयुगा १० | १ |
| ५ | श्री वसन्तमाध्यमिकविद्यालय | तेह्रथुम | लालीगुराँस २ | १ | १२ | श्री देवीमाध्यमिकविद्यालय | झापा | बिर्तामोड १० | १ |
| ६ | श्री अरुणोदयमाध्यमिकविद्यालय | धनकुटा | महालक्ष्मीन.पा ५ | १ | १३ | श्री पोखरिया माध्यमिकविद्यालय | मोरङ | विराटनगर ३ | १ |
| ७ | श्री तिम्मामाध्यमिकविद्यालय | भोजपुर | टेम्केमैयुमगा. पा. १ | १ | १४ | श्री बालमन्दिर माध्यमिकविद्यालय | सुनसरी | इनरुवा १ | १ |
| | | | | | जम्मा | | | | १४ |

**शैक्षिक योग्यता र अनुभव**

१. नेपाली नागरिक।

२. न्यूनतम योग्यता: नेपाल सरकारवाट मान्यता प्राप्त संस्थाबाट नर्सिङ्ग विषयमा प्रविणता प्रमाणपत्र तहउतिर्ण गरेको ।

३. १८वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने ।

४.नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको (प्रमाणपत्र), म्याद नाघि नविकरण नभएकालाई मान्यता दिइने छैन् ।

५स्वास्थ्य क्षेत्रमा कार्यानुभव भएकोलाई प्राथमिकता दिइनेछ।

६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको।

७.दरखास्तमा संलग्न गर्नुपर्ने: उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि,प्रचलित कानून बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित हुनुपर्नेछ।

८.आवेदन दिदा जुन बिद्यालयमा कार्य गर्न चाहेको हो, सोही बिद्यालयको लागि दरखास्त दिनुपर्नेछ। साथै एक भन्दा बढी बिद्यालयमा आवेदन दिन चाहेमा छुट्टा छुट्टै दरखास्त फारम र दस्तुर समेत बुझाई पेश गर्नुपर्नेछ।

९. छनौट,शैक्षिक योग्यता , अनुभवर अन्तर्वाताको आधारमा गरिनेछ ।

१०. कर्मचारी छनौट अन्तरवार्ता यस मन्त्रालयमा मिति २०७५/११/२६ गते बाट ठीक १०:०० बजे देखि सुरु हुनेछ। अन्तरवार्ताको विस्तृत तालिका सो समय अगावै मन्त्रालयको वेवसाइटमा राखिनेछ।

दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट आवेदन बुझाउन सकिनेछ।

**अनुसूची (१)**

(दफा ७ सँग सम्बन्धित कार्य विवरणको ढाँचा)

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

प्रदेश नं १ बिराटनगर

कर्मचारीको पद नामः विद्यालय नर्स                    काम गर्नुपर्ने स्थानः

कर्मचारीको नामः

सुपरिवेक्षकः प्रधानाध्यापक

न्यूनतम योग्यताः नर्सिङ्गमा प्रविणता प्रमाणपत्र तह उतिर्ण

**कार्य विवरणः**

विद्यालय नर्सको काम कर्तव्य देहाय बमोजिम हुनेछ।

(क) स्वस्थ जिवनशैलीसंग सम्बन्धित बिषयमा नियमित रुपमा विद्यार्थी, अभिभावक र समुदायलाई परामर्श दिने।

(ख) विद्यार्थीको नियमित स्वास्थ्य परिक्षण र परामर्श गर्ने ।

परामर्शः

(१) बिधालय नर्स मार्फत किशोर किशोरीहरुलाई प्रजनन स्वास्थ्य, महिनावारी स्वास्थ्य तथा सरसफाई, परिवार नियोजन र यौन तथा यौनिकताको बारेमा।

(२) ब्यक्तिगत सरसफाई, वातावरणिय सरसफाई तथा फोहोरमैला ब्यवस्थापन सम्बन्धि।

(३)स्वस्थ जीवनशैली र स्वस्थकर खानपिनका सम्बन्धमा।

(४) बिधालय स्वास्थ्य इकाई निर्माण गरी बिधार्थीलाई सामान्य स्वास्थ्य समस्या तथा समाधानका उपायका समबन्धमा।

परिक्षणः

(१) सामान्य स्वास्थ्य जाँच (आँखा, नाक, कान, घाँटी, मुख, दाँत, छाला, तौल, रक्तचाप लगायत अन्य स्वास्थ्य सँग सम्बन्धित स्क्रिनिङ्ग)

(२) पोषण लेखाजोखा (Nutritional assessment)

(ग) विद्यालयमा आवश्यकतानुसार प्राथमिक उपचार र औषधि उपलब्ध गराउने

(घ) बिधालयमा स्वास्थ्यमैत्री पुर्वाधार भए नभएको सुनिश्चितता गर्ने ।

(ङ) नियमित सरसफाइको ब्यवस्थाको सुनिश्चितता गर्ने ।

(च) विद्यार्थीलाई शारिरिक व्यायाम र पोषण ,खानपिनसंग सम्बन्धित ,मुख स्वास्थ्य , ,हात धुने तरिकानसर्ने रोग ,यौन तथा प्रजनन स्वास्थ्य, महिनावारी स्वच्छता ब्यवस्थापन लगायतका विषयमा जानकारी दिने ।

(छ) विद्यालयमा सुर्तिजन्य पदार्थ ,जङ्क फुड लगायतका अखाद्य ,मदिराजन्य पदार्थ, चिनीयुक्त पेय पदार्थको प्रयोगमा नियन्त्रण अत्यधिक, छात्रामैत्री शौचालय लगायतका स्वास्थ्य मैत्री पूर्वाधार भए नभएको सन्दर्भमा रेखदेख गर्ने र सोको लागि आवश्यक समन्वय गर्ने।

(ज) विद्यालय स्वास्थ अवस्थाको अभिलेख राख्ने र सो को जानकारी विद्यालय व्यवस्थापन समितिलाई गराउने ।

(झ) विद्यार्थीलाई थप उपचार आवश्यक भएमा स्थानीय स्वास्थ्य संस्थासंग समन्वय गरि उपचार गराउने र आवश्यकतानुसार रेफर गर्ने।

(ञ) गाँउ/नगरपालिका स्थित स्वास्थ्य ईकाइले संचालन गरेका कार्यक्रमहरु कार्यन्वयन गर्ने।

(ट) विद्यालयका प्र.अ. को प्रतक्ष्य सुपरिवेक्षण, प्रदेश स्वास्थ्य कार्यलय र सथानिय स्वास्थ्य संस्था संगको समन्वयमा कार्य गर्ने।

## अनुसूची (३)

(दफा ७ सँग सम्बन्धित दरखास्त फारामको ढाँचा)

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

प्रदेश नं १, विराटनगर

**विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम अन्तर्गत**

**करारको लागि दरखास्त फाराम**

| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने |
|---|

आवेदन दिएको कार्यालय:

आवेदित विद्यालयको नाम: ठेगाना:

(क)व्यक्तिगत विवरण

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्ग: |
| | नागरिकता नं: | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./गा.वि.स. | ग) वडा नं | |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | च) फो नं. | |
| पत्राचार गर्ने ठेगाना : | | | ईमेल | |
| बाबुको नाम, थर : | | | जन्म मिति (वि.सं.मा)<br>(ईस्वि संवतमा) | |
| बाजेको नाम, थर : | | | हालको उमेर : वर्ष महिना | |

दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक) तालिम/योग्यता शैक्षिक (ख)न्यूनतम शैक्षिक योग्यतातालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| | | | | | |
| तालिम | | | | | |
| | | | | | |

(ग) अनुभव सम्बन्धी विवरण

| कार्यालय | पद | सेवा/समूह /उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/ करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछुबुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरख/दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा एक महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | मितिः |

| | | |
|---|---|---|
| कार्यालयले भर्नेः | | |
| रसिद/भौचर नं. : | रोल नं. : | |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखतः<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति : | |

द्रष्टव्य दरखास्तःसाथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(१)नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि (३)न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, (४)सम्बन्धित काउन्सिलको प्रमाणपत्र को (लाईसेन्स) प्रतिलिपि, (५) अनुभव भएमा प्रमाणपत्रका कागजातहरु

**कार्य शर्त, पारिश्रमिक, सेवा सुबिधा र अवधिः**

(१) यस मार्गदर्शन बमोजिम सेवा करार सम्झौता गरीएका बिध्यालय नर्सको मासिक पारिश्रमीक सम्बन्धित तह वा पदको शुरु तलब स्केलमा नबढने गरी करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । स्थानिय भत्ता पाउने स्थानमा नेपाल सरकारको दररेट बमोजिम करारमा उल्लेख भए अनुसार स्थानिय भत्ता उपलब्ध गराउन सकिनेछ ।

(२) कार्यालयले कार्यविवरणमा उल्लेख भए बमोजिम प्रगतिको स्थलगत वा वस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पादन अनुसार करारमा उल्लेख गरी भ्रमण भता वा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ । तर करार सम्झौतामा उल्लेख नगरिएको भ्रमण भत्ता ,फिल्ड भत्ता वा अन्य भत्ता दिन कार्यालय बाध्य हुने छैन ।

(३)मन्त्रालय मातहतका कार्यालयले करारका प्राविधिक कर्मचारीको पारिश्रमीक भुक्तानी गर्दा निजले महिनाभरी गरेको कामको विवरण सहितको प्रतिवेदन तयार गर्न लगाई सम्बन्धित बिद्यालयको सिफारिसको आधारमा मात्र भुक्तानी गर्नेछ ।

(४) यस कार्यविधि बमोजिम बिद्यालय नर्सले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागी कुनै पनि दावी गर्न पाउने छैन ।

(५) उपदफा (१) बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ ।तर त्यस्तो करारको अवधि एकपटकमा १(एक) बर्ष) भन्दा बढि हुनेछैन
(६) मन्त्रालय तथा स्थानीय तहले बिद्यालय नर्सको पेशागत विकासका लागि कार्य जिम्मेवारीसँग समबन्धित तालिममा पठाउन सक्नेछ

सामाजिक विकास मन्त्रालय सम्पर्क नं.- ०५१४६६१४२

**कृषि विकास बैंक लिमिटेड**

.............................

**राजश्व दाखिला फाराम (Deposit Slip)**

राजश्व खाता रहेको बैंकः **कृषि विकास बैंक लि.** खाता नं.: ०१००२०१२७७००९०१६

दाखिला फाराम (Deposit Slip) नं. **385012** मितिः २० / /

राजश्व संकलन भएको प्रदेशः ....१.... जिल्लाः ................ स्थानीय तहः ..........................

(रोयल्टीको हकमा कुन प्रदेश र स्थानीय तहको प्राकृतिक स्रोत उपयोग बापतको हो अनिवार्य खुलाउनुपर्ने ।)

प्रयोजनः ......परिक्षा शुल्क......

कार्यालय कोडः 60 13 61 30 1

कार्यालयको नामः ......सामाजिक विकास मन्त्रालय......

राजश्व शीर्षक नं.: 1 4 2 2 4

दाखिला भएको रकम रु: अंकमा ......800/-......

अक्षरमाः ......रुपैया चार सय मात्र /-......

आय वर्षः ......२०७५/७६......

श्रोतमा कर कट्टीः ☒ हो ☑ होइन

भुक्तानीको प्रकारः नगद/साधारण चेक/ गुड फर पेमेन्ट चेक/ड्राफ्ट/विद्युतिय ट्रान्सफर/अन्य

चेक/ड्राफ्ट नं.: ..........................................

जारी गर्ने बैंक र शाखाः ..........................................

दाखिला गर्ने फर्म/व्यक्तिको नामः ..........................................

ठेगाना/फोन नं. समेतः ..........................................

भ्याट/पान नं.: ☐☐☐☐☐☐☐☐☐

---

**बैंकले भर्ने:**

कारोबार संकेत नं.: ..............................

मितिः .............................. दाखिला रकमः ..............................

.............................. ..............................

रकम बुझिलिनेको सही बैंक अधिकृतको सही